## छलफल तथा निर्णयहरु

१. राष्ट्रिय विकास समाधान समितिको ४४औं बैठकमा छलफल तथा निर्णयका लागि प्रस्तुत गरिने विषयबस्तुलाई परिमार्जन सहित अन्तिम रुप दिने ।

२. संघीयता कार्यान्वयन प्रयोजनको लागि हाल सञ्चालनमा रहेका कार्यक्रम/आयोजनाहरु संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने वर्गीकरणको निम्ति देहाय वमोजिमको समिति गठन गरी २०७५, चैत मसान्तभित्र कार्य सम्पन्न गरी प्रतिबेदन पेश गर्ने ।

संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने कार्यक्रम/आयोजना वर्गीकरण समिति

| | |
|---|---|
| सहसचिव, आर्थिक व्यवस्थापन महाशाखा, राष्ट्रिय योजना आयोग | संयोजक |
| सहसचिव, अर्थ मन्त्रालय (बजेट तथा कार्यक्रम महाशाखा) | सदस्य |
| सहसचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | सदस्य |
| सहसचिव, सम्बन्धित विषयक्षेगत्रगत मन्त्रालय (योजना तथा कार्यक्रम महाशाखा) | सदस्य |
| सहसचिव, राष्ट्रिय योजना आयोगका (सम्बन्धित विषयक्षेत्र हेर्ने) | सदस्य |
| कार्यक्रम निर्देशक, सार्वजनिक निजी साझेदारी तथा आयोजना बैंक शाखा, राष्ट्रिय योजना आयोग | सदस्य |
| कार्यक्रम निर्देशक, राष्ट्रिय योजना आयोग, अर्थ, योजना तथा कार्यक्रम शाखा | सदस्य सचिव |

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.३३६ मिति २०७५।०९।२४ को पत्रसाथ प्राप्त Provincial and Local Governance Support Programme (PLGSP) सम्बन्धी दस्तावेजमा उल्लिखित बिषयका सम्बन्धमा निम्न व्यहोरा समेत समावेश गरी उक्त कार्यक्रमसम्बन्धी प्रक्रिया हाललाई अघि बढाउने । उक्त कार्यक्रमसम्बन्धी प्रस्ताव नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्नु अघि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयको समेत सहमति प्राप्त भए पश्चात यस आयोगको पुनः स्वीकृति लिने गरी हाललाई सैद्धान्तिक सहमति प्रदान गर्ने ।

१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यूको अध्यक्षतामा रहने राष्ट्रिय निर्देशक समिति (National Steering Committee) मा रा.यो.आ.का सदस्यलाई समेत सदस्यको रुपमा राख्ने र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा रहने कमिटी सम्बन्धी व्यवस्था हटाउने,

२. प्रदेशस्तरीय मुख्य मन्त्रीको अध्यक्षतामा हुने निर्देशक समिति (Steering Committee) सम्बन्धी व्यवस्था हटाई सो सम्बन्धी समिति प्रमुख सचिवको अध्यक्षतामा राख्ने व्यवस्था मिलाउने ।

३. सबै प्रदेशमा आधुनिक सुविधा सम्पन्न भौतिक पूर्वाधार सहितको प्रदेशस्तरीय तालिम प्रदायक प्रशिक्षण संस्था ४ वर्ष भित्रमा निर्माण सम्पन्न हुने गरी सोको दस्ताबेजमा समेत आवश्यक व्यवस्था समावेश गर्ने ।

४. Ear-Marking बजेट परिचालनमा सकेसम्म अन्तर्राष्ट्रिय/गै.स.स. लाई समावेश नगराउने ।

५. Innovative Partnership Fund वारेमा विस्तृत कार्ययोजना तयार भएपछि कार्यक्रमलाई अन्तिम रुप दिने ।

६. वित्तीय श्रोतको विनियोजन गर्दा सशर्त अनुदानको रुपमा मात्र उपलब्ध गराउने ।

७. उक्त दस्ताबेजमा जवाफदेहिता (Accountability), अनुगमन ढाचाँ (Monitoring Framework) र कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रमको दिगोपनाको सुनिश्चितताको बारेमा समेत आवश्यक बिषय समावेश गर्ने ।

८. नागरिकको सामाजिक र आर्थिक रुपान्तरण र क्षमता विकास हुने गरी आवश्यक कार्यक्रमहरु उक्त दस्ताबेजमा समावेश गर्ने ।

९. प्रदेशस्तरीय तालिम प्रतिष्ठानलाई रकम उपलब्ध गराउँदा सिधै उपलब्ध हुने कुराको सुनिश्चितताको लागि उक्त दस्ताबेजमा आवश्यक व्यवस्था मिलाउने ।

१०. उक्त दस्ताबेजमा अध्ययन अनुसन्धानको बिषय समेत समावेश गर्ने ।

११. दस्ताबेजमा उल्लेखित "समाबेशी र जनउत्तरदायी सरकार" भन्ने शव्दहरु हटाउने ।